**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १८ मार्च २०२३

समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

१. भारतको चुनाव आयोगले ठूलो काारवाही गर्दै पश्चिम बंगालका डीजीपी र डीआईजी लाई हटाईदिएको छ।

२. दार्जीलिङ लोकसभाको नाामकंन भर्ने संबघित अधिसूचना २८ आर्चको दिन जारी गरिनेछ। सूचारू मतदानका लागि १९९९ मतदान केन्द्रहरू स्थापित गरिनेछ।

३. कोलकाताको गार्डन रीच इलाकामा एउटा निमार्णाधीन भवन भत्किन्दा २ जनाको ज्यान गएको छ।

४. दार्जीलिङ लोकसभा क्षेत्रमा चुनावी माहौल तात्तिन थालेको छ। टिएमसी-बीजीपीएम साझा उम्मेद्वार गोपाल लामाले प्रचार अभियान थालेका छन्।

५. सिक्किम विधानसभा तथा लोकसभा चुनावको अधिसूचना २० मार्चको दिन जारी गरिनेछ।

६. प्रधानमंत्री नरेन्द्र मोदीले कर्नाटकको शिव मोगामा विशाल- चुनावी रैलीलाई संबोधित गर्दै कांग्रेस माथि तिखो प्रहार गर्नुभयो।

**चुनाउ कार्यालय उद्घाटन**

आगामी लोकसभा चुनाउलाई ध्यानमा राखेर खरसाङमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको चुनाउ कार्यालयको उद्घाटन गरिएको छ। लोकसभा चुनाउको अधिसूचना जारी भएपछि आज भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ महकुमा समितिको तत्वावधानमा खरसाङको रेलवे स्टेशन नजिक क्लर्क टावर बिल्डिङ्गमा खरसाङ चुनाउ कार्यालय विधिवत हिन्दू धर्म अनुसार सर्वप्रथम साइत हेरेर पूजा गरियो।त्यस पश्चात् हिन्दू, इसाई, बौद्ध मुस्लिम धर्मका गुरूहरुका प्रार्थनाको साथ भागोप्रमो केन्द्रिय समितिका सांगठनिक सचिव रतन थापाको बाहुलीबाट रिबन काटेर कार्यालय उद्घाटन गरियो। आजको यस उद्घाटन कार्यक्रममा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका केन्द्रिय समिति नेतृत्त्वगण, खरसाङ महकुमा समितिका नेतृत्त्वगण, विभिन्न समष्टिका सभासदहरू, नेतृत्त्वगण तथा खरसाङ टाउन कमिटीका नेतृत्त्वगण साथै पार्टी कार्यकर्ताहरू उपस्थित रहेका थिए।

****** ० ******

**दार्जीलिङ संसदीय क्षेत्र**

यसपालीको लोकसभा चुनाउमा दार्जीलिङ संसदीय क्षेत्रमा जम्मा १७,५३,६९९ मतदाताहरु रहेको जानकारी दार्जीलिङ जिल्ला प्रशासनबाट प्राप्त भएको छ। १८औं लोकसभा चुनाउमा दार्जीलिङ लोकसभा समष्टिका १९९९ मतदान केन्द्रहरुमा १७,५३,६९९ मतदाता रहेका छन्, जसमा ८,७८,१४८ पुरुष मतदाता र ८,७५,५५० महिला मतदाताहरु रहेका छन्। जिल्लामा ४३ जना तेस्रो लिङ्गी मतदाताहरु पनि छन्। १९९९ मतदान केन्द्रहरुमा शहरी क्षेत्रमा ४१० वटा मतदान केन्द्रहरु अनि ग्रामीण क्षेत्रमा १५८९ वटा मतदान केन्द्रहरु रहेको दार्जीलिङ जिल्ला निर्वाचन अधिकारी तथा जिल्ला प्रशासक डाक्टर प्रिती गोयल, आईएएसले बताएकी छन्। उनले भनिन्, चुनाउको दोस्रो चरण २६ अप्रेल शुक्रवारका दिन दार्जीलिङ लोकसभा समष्टिमा चुनाउ हुनेछ। दार्जीलिङ लोकसभा समष्टिको तालिका-२ अनुसार आगामी २८ मार्चको दिन चुनाउ अधिसूचना जारी गरिनेछ। त्यसै दिनदेखि नै नामाङ्कन पत्र बुझाउने मिति पनि आरम्भ हुनेछ। नामाङ्कन-पत्र बुझाउने अन्तिम दिन आगामी ४ अप्रेल रहेको छ। नामाङ्कन पत्र जाँच ५ अप्रेलमा हुनेछ भने नामाङ्कन पत्र फिर्ता लिने मिति आगामी ८ अप्रेल रहेको छ। मतगणना आगामी ४ जूनको दिन हुनेछ।

****** ० ******

**चुनाउ कार्यालय उद्घाटन**

आगामी लोकसभा चुनाउलाई ध्यानमा राखेर खरसाङमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको चुनाउ कार्यालयको उद्घाटन गरिएको छ। लोकसभा चुनाउको अधिसूचना जारी भएपछि आज भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ महकुमा समितिको तत्वावधानमा खरसाङको रेलवे स्टेशन नजिक क्लर्क टावर बिल्डिङ्गमा खरसाङ चुनाउ कार्यालय विधिवत हिन्दू धर्म अनुसार सर्वप्रथम साइत हेरेर पूजा गरियो।त्यस पश्चात् हिन्दू, इसाई, बौद्ध मुस्लिम धर्मका गुरूहरुका प्रार्थनाको साथ भागोप्रमो केन्द्रिय

समितिका सांगठनिक सचिव रतन थापाको बाहुलीबाट रिबन काटेर कार्यालय उद्घाटन गरियो। आजको यस उद्घाटन कार्यक्रममा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका केन्द्रिय समिति नेतृत्त्वगण, खरसाङ महकुमा समितिका नेतृत्त्वगण, विभिन्न समष्टिका सभासदहरू, नेतृत्त्वगण तथा खरसाङ टाउन कमिटीका नेतृत्त्वगण साथै पार्टी कार्यकर्ताहरू उपस्थित रहेका थिए।

****** ० ******

**कोलकाता - भवन**

पश्चिम बंगालमा कोलकाताको गार्डन रीच क्षेत्रमा एक निर्माणाधीन भवन खस्दा 2 जनाको मृत्यु भएको छ भने अन्य सात 7 घाईते भएका छन्। मुख्यमंत्री ममता बनर्जीले आज दुर्घटना स्थलको दौडाहा गर्नु भयो साथै घाईतेहरुको जानकारी लिन अस्पताल जानु भयो। यो भवन मध्यरात्रि खसेको बताईएको छ। सुश्री बनर्जीले सो क्षेत्र धेरै साँघुरो र भवन अवैध रहेको साथै अधिकारीहरुबाट स्वीकृति प्राप्त नभएको भन्नुभयो। उँहाले कोलकाताका पुलिस आयुक्तलाई पाँच तले भवनको अवैध निर्माणमा शामिल मानिसहरु बिरुद्ध कारबाही गर्न आग्रह गर्नु भएको छ।

****** ० ******

**खरसाङमा स्वास्थ्य सम्बन्धमा जनचेतना कार्यक्रम सम्पन्न**

खरसाङ ( 18 मार्च) : खरसाङमा जिल्ला स्वास्थ्य मिशन दार्जीलिङ र खरसाङ नगरपालिकाको संयुक्त आयोजनामा स्वस्थ्य सम्बन्धी जनचेतना कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा मानिसहरूलाई स्वस्थ सम्बन्धी विभिन्न विषयहरूमा जनचेतना जगाइएको छ। खरसाङ नगरपालिका (अर्बन लोकल बडी) अनि NUHM ( न्यासनल अर्बन हेल्थ मिसन ) को संयुक्त रूपमा " अर्बन प्राइमेरी हेल्थ सेन्टर " एवं जनहितमा स्वस्थ्य विषय लिएर आशाकर्मी अनि हेल्थ वर्करहरूको दायित्व कस्तो रहन्छ भन्ने उद्देश्य लिएर खरसाङको एक होटलमा कार्यक्रम सम्पन्न गरियो । NUHM जिल्ला प्रोग्राम म्यानेजर प्रतिभा राईद्वारा विस्तृत विवरण एवं जानकारी गराइयो भने उक्त कार्यक्रममा खरसाङ नगराध्यक्ष ब्रिगेन गुरूङ, खरसाङ महकुमा अस्पतालको महकुमा स्वास्थ्य अधिकारी डा रूबी मण्डल,रोगी कल्याण समितिको अध्यक्ष दिवस छेत्री, खरसाङ नगर - उपाध्यक्ष सुवास प्रधान, खरसाङ नगरपालिका एफओ, जिल्ला अस्पतालको डेपुटी सीएमओएच डा देवाशिष चक्रवर्ती साथै आशाकर्मी अनि हेल्थ वर्करहरूको उपस्थिति रहेका थिए। यस जनचेतना कार्यक्रम विषयमा पत्रकारहरूसित कुराकानी गर्दै खरसाङ नगरपालिकाको चेयरम्यान ब्रिगेन गुरुङले विस्तृत रुपमा जानकारी गराएका छन् ।

****** ० ******

**निर्वाचन आयोग स्थानान्तरण**

निर्वाचन आयोगले पश्चिम बंगाल सरकारलाई भारतीय पुलिस सेवाका अधिकारी र पुलिस महानिदेशक राजीव कुमार तथा राज्यका पुलिस महानिरीक्षको स्थानान्तरण यस्तो पदमा गर्न भनेको छ जुन चुनावसित संबंधित हुने छैन। आयोगले, राज्य सरकारले कुनै वरिष्ठ अधिकारीलाई अस्थायी तवरमा पुलिस महानिदेशकको पदमा नामांकित गर्न भनेको छ ।लोकसभा चुनाव अघि, निर्वाचन आयोगले, 6 राज्यका गृह सचिव र पश्चिम बंगालका पुलिस महानिदेशकलाई हटाएको छ। स्रोतका अनुसार गुजरात, उत्तर प्रदेश, बिहार, झारखण्ड, हिमाचल प्रदेश र उत्तराखण्डका गृहसचिवहरूलाई हटाइएको छ। मिजोरम र हिमाचल प्रदेशका सामान्य प्रशासनिक प्रभागका सचिवहरूको पनि ,स्तान्तरण गरिएको छ। यसका साथै बृहन्मुम्बई नगर निगमका आयुक्त इकबाल सिंह चहल र अतिरिक्त आयुक्त र उपायुक्तहरूलाई हटाउने आदेश पनि दिइएको छ।

****** ० ******

**यौन दुव्र्यवहारको आरोपमा एक व्यक्ति पक्राउ**

एक दुखद घटनामा पुलिसले सिलगढीमा एक नाबालिगलाई यौन दुव्र्यवहार गर्ने प्रयास गरेको आरोपमा एक व्यक्तिलाई पक्राउ गरेका छन्। पक्राउ परेका व्यक्तिको पहिचान सिलगढी नगरपालिका (एसएमसी) को वार्ड नम्बर ४० अन्तर्गत गौराङ्गा पल्लीका ४८ वर्षीय शंकर पालको रूपमा गरिएको छ।प्राप्त विवरण अनुसार गत १६ मार्च आरोपी शंकरले १३ वर्षीया बालिकालाई आफ्नै घरमा एक्लै देखेर यौन दुव्र्यवहार गर्ने प्रयास गरेका थिए । तर, नाबालक घटनास्थलबाट भाग्न सफल भएका छन् । पछि परिवारका सदस्य फर्किएपछि नाबालिगले सम्पूर्ण घटना खुलासा गरे । तत्कालै परिवारका सदस्यले भक्तिनगर पुलिस थानामा लिखित

उजुरी दिएका थिए ।यसैबीच उजुरीका आधारमा भक्तिनगर पुलिसले अभियुक्त शंकरलाई आइतबार घरबाटै पक्राउ गरेको छ । अभियुक्तलाई सोमबार कानुनी कारबाहीका लागि जलपाईगुडी अदालतमा पेश गरिएको थियो।

****** ० ******

**प्रधानमंत्री नरेंद्र मोदी कर्नाटक**

वरिष्ठ भाजपा नेता एवं प्रधानमंत्री नरेंद्र मोदीले आज कांग्रेसको कडा आलोचना गर्नु भएको छ । श्री मोदीले आरोप लगाउँदै भन्नु भयो कांग्रेस भ्रष्टाचार, लूट र तुष्टिकरणको राजनीतिको प्रतीक हो भन्नु भयो। बीजेपीको माने विकास र मजबूत भारत हो प्रधानमंत्रीलो भन्नुभयो उँहाले भन्नुभयो देशमा उँहाको कार्यकालमा 25 करोड़ मानिसहरुलाई गरीबी रेखा देखि माथि ल्याईएको भन्नुभयो । श्री मोदीले थप भन्भयो आयुष्मान भारत द्वारा 75 लाख मानिसहरुलाई निशुल्क उपचार प्राप्त भएको तथा 40 लाख गरीब महिलाहरलाई एलपीजी गैस कनेक्शन प्रदान गरिएको समेत भन्नुभयो। कर्नाटकमा नौ लाख मानिसहरुलाई आवास उपलब्ध गराईएको जानकारी गराउनु भयो। उँहाले आश्वासन दिंदै भन्नु भयो आउँदो पांच वर्षको कार्यकालको अवधीमा सबै पात्र व्यक्तिहरलाई केंद्र सरकारको विभिन्न सामाजिक कल्याण योजनाहरु बमाजिम कवर गरिनेछ। उँहाले थप भन्नुभयो उँहाको शासनको 10 वर्ष पछि, देश आज आफ्नोग्रीन करिडोर, एक्सप्रेसवे, वंदे भारत ,नमो भारत ट्रेनहरु, हाई स्पीड इंटरनेट, यूपीआई लगायत मेट्रो सेवाहरुका लागि जानिन्छ।

****** ० ******

**कार्यशाला**

सोनादा डिग्री कलेजको राजनीति विज्ञान विभागको आयोजनामा, कलेजको आन्तरिक गुणवत्ता मूल्याङ्कन प्रकोष्ठ (आईक्युएसी) र रमेश बन्धु प्रकाशन सोनादाको सहकार्यमा सामाजिक विज्ञानमा शोध विधि-पद्धति विषयमा दश दिवसीय कार्यशाला आज कलेजको प्रेक्षागृहमा कलेजका शिक्षक प्रभारी डा. रागिनी थापाको अध्यक्षतामा सम्पन्न भयो।कार्यशालाको उद्घाटन सत्रमा स्रोत वक्ता तथा विषय विशेषज्ञको रुपमा डा. पदम नेपाल (सन्त जोसेफ कलेज, दार्जीलिङ), डा. रमेश दुराल (उत्तर बङ्ग विश्वविद्यालय) र डा. इसा तिर्की (उत्तर बङ्ग विश्वविद्यालय) उपस्थित हुनु हुन्थ्यो। स्रोत वक्ताहरूले समाज विज्ञानका क्षेत्रमा रहेका शोधका विविध पक्ष, विभिन्न प्रकारका शोध विधि- पद्धति र प्रक्रियाहरू अनि शोधका सैद्धान्तिक पक्ष बारेमा सविस्तार जानकारी दिंदै शोधार्थीहरूले शोध प्रबन्ध तयार गर्दा अप्नाइनुपर्ने सावधानी, नियम आदि बारेमा जनाउनु भएको थियो। प्रा. लाडेन शेर्पाद्वारा सञ्चालित दश दिवसीय कार्यशालाको आज उद्घाटन सत्रमा कलेजका शिक्षक प्रभारी डा. रागिनी थापाले स्वागत वक्तव्य, आन्तरिक गुणवत्ता एवम् मूल्याङ्कन प्रकोष्टका संयोजिका प्रा. पेञ्चुला भोटियाले कार्यशालाको परिचयात्मक मन्तव्य, राजनीति विज्ञान विभागकी प्रमुख प्रा.सुशिला बराईलीले धन्यवाद ज्ञापन गर्नु भएको थियो।कार्यशालाका संयोजक डा. कोमल कौशिक बरालले दश दिवसीय कार्यशालाको विस्तृत जानकारी दिंदै कार्यक्रमको दोस्रो दिनदेखि नवौं दिनसम्म यो कार्यशाला गुगल मिटको माध्यमद्वारा अनलाइन पद्धतिमा प्रत्येक दिन बेलुकी पाँच बजीदेखि आठ बजीसम्म सम्पन्न हुने कुरो बताउनु भयो ।

****** ० ******